४

आजमिति २०७६ साल पौष महिनाको २२ गतेका दिन यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्ना अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २ | श्री ओमाशाही | उपाध्यक्ष | |
| ३ | अजविर सिँह | सदस्यगाउँकार्यपालिका | अजवीर |
| ४ | लालभक्तसिँह | सदस्यगाउँकार्यपालिका | |
| ५ | मनबहादुर शाही | सदस्यगाउँकार्यपालिका | |
| ६ | सिर्जना बस्नेत | सदस्यगाउँकार्यपालिका | |
| ७ | कर्ण कामी | सदस्यगाउँकार्यपालिका | |
| ८ | बसन्त शाही | सदस्यगाउँकार्यपालिका | |
| ९ | शशीराम गौतम | सदस्यगाउँकार्यपालिका | |
| १० | द्वारिका प्रसाद बुढा | सदस्यगाउँकार्यपालिका | |
| ११ | तिले महतारा | सदस्यगाउँकार्यपालिका | |
| १२ | डम्बिर कामी | सदस्यगाउँकार्यपालिका | |
| १३ | ऐन बहादुर परियार | सदस्यगाउँकार्यपालिका | |
| १४ | सरिता पुन(घर्ती) | सदस्यगाउँकार्यपालिका | |
| १५ | शिला सार्की | सदस्यगाउँकार्यपालिका | शीला |
| १६ | सुन्दरी सार्की | सदस्यगाउँकार्यपालिका | |
| १७ | देउमा बुढा | सदस्यगाउँकार्यपालिका | देउमा |
| १८ | गोविन्द बहादुर सिंह | सदस्य सचिव गा. का. पा. | |

२०७६/१०/२४

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७४

प्र. प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु** :

१. समपुरक र विशेष अनुदान माग गर्ने सम्बन्धमा
२. छुट शिक्षक अनुदान सम्बन्धमा
३. सभाहल, कार्यापालिका बैठक कक्ष, न्यायिक समितिको सचिवालय तथा अस्थायि प्रहरी चौकि लिम्सा भवन निर्माण सम्बन्धमा
४. एम.बि.बि. एस अध्ययन सहायता सम्बन्धमा ,
५. शिक्षामा ब्लक भवन तथा शौचालय वितरण सम्बन्धमा
६. स्वास्थ्य शाखा अर्न्तगत सम्बन्धमा,
७. जडिबुटि खर्च अनुमोदन सम्ब्रन्धमा
८. जनप्रतिनिधि वि.व्य.स. अध्यक्ष तथा उपभोक्ता समितिमा नरहने सम्बन्धमा
९. साझेदार संस्था छनौट सम्बन्धमा
१०. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा
११. योजना अनुगमन तथा भूक्तिानी सम्बन्धमा
१२ सुरक्षा निकायालाई भौतिक सामाग्री सहायता गर्ने सम्बन्धमा
१३. वडा नं ४ मा मा.बि. कक्षा थप सम्बन्धमा
१४.राष्ट्रिय तथा सार्वजनिक बन संरक्षण सम्बन्धमा
१५. योजना संशोधन सम्बन्धा
१६. जगत आ.बि.बारेकोट ४ मैना बिद्यालयमा स्पष्टीकरण माग समबन्धमा
१७.विविध सम्बन्धमा

**निर्णय नं. १** संघीय सरकार संग समपुरक र बिशेष अनुदान तपशिल अनुसारको योजनाहरु माग गर्ने निणय गरियो

क) समपुरक अनुदान तर्फ:

- लिम्सा - रोकायागाँउ -मुल्साम सडक
- सेपुखोला- बन्डाला - छसतिपाल्ती- लुवागा सडक

ख) बिशेष अनुदान तर्फ ( खरको छाना बिस्थापन) :

- वडा नं ४ को दलित बस्ति
- वडा नं ३ को दलित बस्ति
- अरु बाँकि वडा नं १,२,५,७, मा खरको छाना विस्थापनका लागि आबश्यक प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं. २.** बारकोट गाउपालिकाअर्न्तगत संचालनमा रहेका बिद्यालयहरमा दरबन्दि अनुसार शिक्षक नभएका बिद्यालयहहरुमा संघिय सरकार बाट अर्को व्यवस्था नभए सम्मका लागि अल्पकानि व्यवस्थापका लागि कामकाज संचालनका गर्नका लागि अर्को व्यवस्थापन भए पछि स्वत:खारेज हुनेगरी शैक्षिक अनुदान स्वरुप बिद्यालय व्यवस्थापन समितिहरुको निणय अनुसार पठन पाठन गराउदै आएका २०७६ श्रावण देखि लागुहुने गरी तपसिल अनुसारका शिक्षकहरु लाई पारिश्रमिक दिने निर्णय गरियो ।

- देउति बज्यै प्राथामिक बिद्यालय बारेकोट ६, ताँसि- लिलराज नेपाली
- कृष्ण प्रा.बि.बिद्यालय बारेकोट ८, छुतिपाल्ति- लाल बहादुर सिंह,
- भगवति आ.वि बारेकोट ८ लैखम -बिजयराज चौलागाई
- जगत आ.बि. बारेकोट ४ मैना- धनबहादुर बस्नेत ( cancel)

नोट १: गत आ.ब. पुरै शैक्षिक शर्तमा अध्यापन गराएका कालिका प्राथामिक बिद्यालयमा बारेकोट ५, कालाखोलि भगवति आ.बि. बारेकोट १, लैखम,गत आ.ब.को शैक्षि सत्रमा रकम अभाव कारण शैक्षिक अनुदान बाट छुटेका हुँदा प्रति बिद्यालय १ लाखका दरले सम्बन्धित बिद्यालयमा बिनियोजन भएको भौतिक पूर्वाधार अर्न्तगतको रकमबाट खर्च हुने गरी अनुदान स्वरुप निकासा दिने निर्णय गरीयो । [illegible]
[illegible]

नोट २: मा.बि. तहमा गत शैक्षिक शत्र देखि निरन्तर कम्प्युटर सयहोगिका रुपमा कार्यरत कम्प्यूटर सहयोगिले यस आ.ब.को मसवा २०७६ श्रावण महिना देखि पारिश्रमिक नपाएको हुदा शैक्षिक अनुदान शिर्षक बाट खर्चहुने गरी

चोम्लिक्का दरले उपलब्ध गराउने निर्णय गरीयो । साथै भगवति बालविकास लैखममा कार्यरत डिला शार्मर गोरख प्रा.वि. बारेकोट ४ मा कार्यरत उष सिंह लाई पारिश्रमिको व्यवस्था पनि सोहि शिर्षकबाट उपलब्ध गराउने निर्णय गरीयो ।

निर्णय नं. ३ प्राबिधिक स्टमेट गराई तपशिलका भवन तथा सभहलमा आवश्यक प्रक्रिया अगाडि बढाउे निर्णय गरीयो ।

- गाउ सभा हल, कार्यापालिका बैठक कक्ष र न्यायिक समितिको सचिवालय बारेकोट २ लिम्सा,
- प्रहरीचौकि भवन बारेकोट २, लिम्सा,
- खाद्यान्न शाखा बारेकोट ५ घाट ।

निर्णय नं. ४ सरकारी तथा निजी शिक्षण संस्थाहरुमा अध्ययनरत चिकित्सक बिद्यार्थीहरु, बारेकोट गाँउपालिका अर्न्तगत स्थायि बसिन्दाहरु मध्येका छात्राहरुलेअ बारम्बार अध्ययन गर्नका लागि आर्थिक सहायताका लागि अनुरोध भई आउने गरेको हुदा सम्बन्धित कलेजहरुसंग समन्वयय गरी गाउँपालिका स्तरमा चिकित्सा शिक्षा कार्यबिधी बनाई आर्थिक साहयता गर्ने निर्णय गरियो ।

निर्णय नं. ५संघीय सरकारबाट प्राप्त शिक्षा तर्फको भौतिक पूर्वाधार अर्न्तगत सशर्त अनुदान बजेट तर्फको रकमले निम्नानुसारको स्थानहरुमा बजेट विनियोजन गरी बिद्यालयको भवन (ब्लक) र शौचालय निर्माण गर्ने निर्णय गरियो ।

क) भवन अर्न्तगत :

- बिरेन्द्र ऐश्वर्य मा.बि. लिम्सा बारेकोट २
- देउराली प्रा.बि. सिम्खारा बारेकोट ६
- भगवति आ.वि. बारेकोट ८ लैखम
- गोरख प्रा.वि. जिरी बारेकोट ४
- कालिका प्रा.बि. कालाखोली बारकोट ५
- हिमालय आ.बि. गोठगाउँ बारेकोट ४
- शान्ती प्रा.बि. बुढागाउँ बारेकोट ३

ख) शौचालय तर्फ:

- हिमज्योती प्रा.बि. बारेकोट २ ध्यारगाँउ
- चन्द्रन्योति बिद्यालय बारेकोट ५ करुका
- जनविकास प्रा.वि. बारेकोट ७ स्याँला
- राधा प्रा.बि. बारेकोट ७ सिम्तरा
- सिता मा.वि. बारेकोट ६ कार्किज्यूला
- भगवति आ.बि बारेकोट ४ जिरी
- भगवति आ.बि बारेकोट ५ तोल्खान ।

तपसिल अनुसारका बिद्यालयहरुमा भौतिक पूर्वाधार रहेको हुँदा प्राबिधिक स्टिमेट गराई आवश्यक बजेट उपलब्ध हुन सकेको खण्डमा यसै आ.व.मा प्राप्त हुन नसकेका अर्को आ.ब.मा पहिलो प्राथामिकता दिने गरी क्रमागत भवनका रुपमा राख्ने निर्णय गरियो ।

- चन्द्र ज्योति प्रा.बि. बारेकोट ५ करुका
- हिमज्योति प्रा.बि. बारेकोट २ ध्यारगाँउ
- राधा प्रा.बि. बारेकोट ७, सिमतरा
- बाल प्रा.वि. बारेकोट ७ लुवाग
- धनु प्रा.बि बारेकोट ८, कोल्लेनि
- भगवति प्रा.बि. बारेकोट १ बयाल
- पूर्णज्योति प्रा.बि. बारेकोट ७ खारी

- देउति बज्यै प्रा.बि. बारेकोट ६ ताँसी
- शंकर प्रा.बि. बारेकोट ८ बण्डाला
- कृष्ण प्रा.बि. बारेकोट ८ छुतिपाल्ती
- जवविकास प्रा.बि. बारेकोट ७ स्याँला
- जनज्योति प्रा.बि. बारेकोट ३ स्याँला मुल्साम

**निर्णय नं.** ६गाउँपालिका अर्न्तगत स्वास्थ्य शाखामा रिक्त रहेको स्वास्थ्य संयोजक पदमा स्वास्थ्य चौकि सेपुखोलामा कार्यरत सि.अ.हे.ब. अधिकृत छैटौं तहमा कार्यरत बिरराज सिंहलाई नियूक्ति गर्ने निर्णय गरीयो । साथै स्वास्थ्य शाखा अर्न्तगत देहायका निर्णय गरीयो ।

- संघिय सरकार बाट प्राप्त सर्शत अनुदान तर्फको रकमबाट बारेकोट ३ नं वडाकार्यालय नजिकै खोपकेन्द्र भवन निर्माण गर्ने
- गाउपालिका अर्न्तगत सामादुयिक स्वास्थ्य केन्द्रमा कार्यरत करार कर्मचारीहरुलाई संघिय सरकार बाट १ वडा १ स्वास्थ्य सेवा केन्द्र अनुदान निर्देशिका बाट प्राप्त ५ लाखमा नपुग बजेट थप गरी करार कर्मचारी निर्देशिका अनुसार दरबन्दिमा पाउने कर्मचारीले सरहले पारिश्रमिक खुवाउने ,
- प्राथमिक स्वास्थ्य केन्द्र लिम्साबाट प्राप्त सुधार योजना अनुसार प्राविधिक स्टिमेट गराइ आवश्यक बजेटको व्यवस्था गरी क्रमश कार्यान्वयन गदै जाने ,
- गाउँपालिका भित्रको भुगोल र जनसंख्याको आधारमा सामूदायिक स्वास्थ्य व्यवस्थापन कार्यबिधि तयार गरी बारेकोट १ बयाल र सिर्पाचौर बारेकोट ८ लैखममा सामूदायिक स्वास्थ्य केन्द्र संचालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं.** ७अघिल्लो आ.व. २०७५।०७६ को जडीबुडी ( सेतक चिनी खिराँलो ) लाई चोरी हुन बाट नियन्त्रण गर्नका लागि परिचालन गरिएको जनशक्तिहरुको खर्चलाई उचित छानबिन तथा लामो अध्ययन अनुसन्धान र छलफल पश्चात खर्चको अनुमोदन गरी उक्त समयमा खर्च भएको स्वाभाविक देखिन आएको बिल भर्पाइलाई छानबिन गरी नियमानुसार खार्चको भुक्तानी दिर्ने निर्णय गरियो । उक्त खर्च बिबिधि शिर्षक बाट गर्ने निर्णय गरीयो ।

**निर्णय नं.** ८ जनप्रतिनिधिहरु लाई अस्वाभाविक तरिकाले चौतर्फि रुपमा षडयन्त्र पूर्वक विभिन्न जिम्मेवारी प्रदान गरी अन्तमा आलोचना गर्ने र जनप्रतिनिधि र व्यवस्था प्रति नै बितृष्णा आउने र आम जनमानसमा नकरात्मक प्रभाव पर्ने हुदा कुनै पनि निर्वाचित जनप्रतिनिधिहरु काही कतै पनि उपभोक्ता समिति र बिद्यालय व्यवास्थापन समितिको अध्यक्षमा नरहनका लागि निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ९ गरीवी निवारण कोषको आर्थिक सहयोगमा गठित यस पालिका भित्रका सामुदायिक संस्थाहरुलाई व्यावास्थपन गरी घुम्ती कोषको रकमलाई पुन क्रियासिल गराउनका लागि गाउपालिकालाई नै गरिबि निवारण कोषले जिम्म्वारी हस्तान्तरण गत आ.ब. नै गरीसकसको हुँदा उक्त कार्याक्रम लाई व्यवस्थि तथा परिचालन गर्नका लागि साझेदार संस्थाका रुपमा सुरु देखि सोहि क्षेत्रमा कार्यरत र आबश्यक कागजि दस्तावेज समेत ग्रामीण एकिकृत बिकास केन्द्र जाजरकोट संग रहेको उक्त कार्याक्रम संचालनको जिम्मा पुःन सोहि संस्थालाई दिने निर्णय गरीयो ।

**निर्णय नं.** १० यस पालिका अर्न्तगत कार्यरत सम्पूर्ण करार कर्मचारीहरुको २०७७ असड मसान्त सम्म म्याद थप गर्ने निर्णय गरीयो । साथै विगत लामो समय देखि कार्यरत श्री बिन बहादुर शाह बारेकोट ५ लाई सामाजिक विकास अधिकृतका रुपमा कामकाज लगाई सोहि अनुसारको पारिश्रमिक र श्री श्रम बहादुर सिंह बारेकोट ४ लाई अनुगमण तथा मुल्यांकन अधिकृतका रुपमा काम काज लागाई सोहि अनुसारको पारिश्रमिक आन्तरिक श्रोतबाट उपलब्ध गराउनुका साथै ९ वटै वडामा कार्यरत लेखा प्रशासन सहायकहरुको समेत खरिदार सरह सेवा उपलब्ध गराउने निर्णय गरियो । वडा नं. ६ मा लेखा तथा प्रशासन सहायक पद खाली भएको हुदा उक्त खाली स्थानमाश्री बिरेन्द्र बहादुर महतारालाई नियक्ति गरी कामकाजमा लगाउन निर्णय गरियो ।

निर्णय नं. ११ गाउँपालिका भित्राका कुनै पनि योजनाहरुको भुक्तानी गर्दा अनुगमण समितिले अनुगमण गरी सो को प्रतिवेदन दिए पछि मात्र योजनाको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ गाउँपालिका भित्रका तपशिल बमोजिमका प्रहरी चौकीहरुमा सोलार जडान गर्ने प्लाष्टीको कुर्सी दिने निर्णय गरियो ।

- प्रहरी चौकी सेपुखोला, बारेकोट ८- सोलार, कुर्सि
- इलाका प्रहरी चौकी बारेकोट १ रामीडाँडा,- सोलार र कुर्सि
- पैहरी चौकि बारेकोट ५ सिलिंगचिौर - कूर्सि
- प्रहरी चौकि बारेकोट २ लिम्सा- सोलार र सि.सि.क्यामरा ।

निर्णय नं. १३ हाल सम्ममा माध्यमिक बिद्यालय स्थापना हुन नसकेको वडा नं. ४ मा मा.बि. स्थापना गर्नु पर्ने भएको हुदा भौगोलिक अवस्थालाई मध्यजनर गरी र सम्बन्धित जनतहरुको मागका आधारमा वडा नं. ४ को टोलहरु जाल्तरी, गोठगाउँ, मैना, जिरी, लिम्कको बीच केन्द्र पर्ने स्थानमा प्राविधिक तथा भौगोलिक अध्ययण गरी जिल्ला समन्वय इकाई समेतको परामर्श गरी संचालनका लागि उचित निर्णय अर्को बैठकमा टुङग्याउने निर्णय गरियो ।

निर्णय नं. १४ गाउँ सभाबाट अनुमोदन हुने गरी सर्बजनिक तथा राष्ट्रिय चरिचरण क्षेत्र भित्र पर्ने जुम्ला र डोल्पाको सिमाना क्षेत्रबाट अति जंगल विनाश गर्ने हुदा सो नियान्त्रणका लागि सम्बन्धित वडा नं.४ लाई जिम्मा दिने र सो नियन्त्रयका लागि भेडा बाख्रा तथा घोडाहरुले ठुलो मात्रामा बन विनाश गर्ने हुदा जनचेतनामुलक कार्यक्रम संचालनका साथै आवश्यक काम गर्नका लागि लागि तपशिल बमोजिमका शुल्क लिने निर्णय गरियो ।

- प्रति भेडा र बाख्रा रु ५०।
- प्रति घोडा रु १००।

निर्णय नं. १५ गाउँ सभा बाट पास भएको तपशिल बमोजिमका योजनाहरुसंशोधन गर्नै निर्णय गरियो ।

तपशिल

| क्र.स. | हल कायम रहेको योजनाको नाम | संशोधन भएको योजनाको नाम | संशोधित रकम |
|---|---|---|---|
| १ | देवलचौर -कोटेली १ नं वडा कार्यालय सडक | तलिआगर - माथि आगर हुदै १ नं वडा कार्यालय | १५ लाख |
| २. | साइकुरी पदमार्ग वडा नं ४ | नौमूलि तिर्थस्थल निर्माण बारेकोट ४ | ५ लाख |

निर्णय नं. १६ जगनत आ.बि. मैनाको बिद्यालय व्यवस्थापन समितिको बैठकको माइनुट च्यातेको बिषयलाई लिएर जिल्ला शिक्षा समन्वय इकाईबाट स्पटीकरण मागको बिषयमा माग गर्ने भनी पत्र आएको सो बिषयमा के कस्तो भएको हो भनी थप बिद्यालय प्रशासन संग स्पटीकरण सोध्ने निर्णय गरियो ।

निर्णय नं. १७ गाउँपालिकाको डिजिटल प्रोफाई निर्माण गर्नु पर्ने भएको हुदा सो कार्यको लागि रु १५ लाख भैपरी आउने शिर्षक बाट खर्च हुनेगरी रकम विनियोजन र कार्यन्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २१कृषि र पशु पंक्षी बिकास शाखा तथा सो भित्रका कार्याक्रम कार्यान्वयनका लागि तयार पारिएको कार्यविधि थप अध्ययन गररे अर्को बैठकबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २२सुधारिएको चुलो खरिद गरी विरण गर्नका लागि अधिल्लो आर्थिक वर्षका सम्झौता गरैको कम्पनी संग सम्झौता खारेज गरी थप चुलो खरिद र बितरणका सम्बन्धित वडा कार्यलयहरु संग परामर्श लागि आवश्यक प्रक्रिया अगाडि बडाउने गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३** तपशिल बमोजिमका योजनाहरुलाई बर्षाको बाढि पहिरोले मानिस तथा पशुचौपायहरुलाई आवत जावत गर्न समेत कठिनाई भएको सन्दर्भमा कार्यालयमा कार्यरत प्राबिधिक खटिएर काय सम्पन भएका र भूक्तानि हुन बाँकि रहेका तसिसलका योजनाहरुको प्राबिधिक मूल्यांकन गरेर भूक्तानि गर्ने उक्त रकम मर्मत सम्मभार कोषबाट खर्च गर्ने  निर्णय गरियो ।

- चौथारी बालुकुने
- बाटो मर्मत बारेकोट ४
- लुवाग बाटो मर्मत बारेकाट ७ ताँफुसैनि
- लिम्सा सार्वजनि शौचालय निर्माण बारेकोट २ लिम्सा देउतिथान

**निर्णय नं. २४** आर्थिक समस्याका कारण गम्भिर तथा दिर्घ रोगले ग्रस्त भई आषधि उपचारमा जटिल समस्या कारण उपचार  गर्ने समस्या परेका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता गर्ने  निर्णय गरियो ।

- मिम बहादुर सिंह बारेकोट २, बुढागाँउ - १ लाख ।
- दलविर वस्नेत बारेकोट ४, मैना - ५० हजार ।
- लैखम महादेव धामिको छोरी, बारेकोट ८ लैखम-~~[illegible]~~) नन्दकला रकमी विष्ट
- धनबिर कामि, बारेकोट ७, सवाकोट -३५ हजार ।
- आशा सिंह , बारेकोट ४, जिरी- ३५ हजार ।
- मन बहादुर सिंह बारेकोट ८, छुतिपाल्ति - ४० हजार ।
- कौशिला ज्योति बारेकोट १, तलिआगर २० हजार ।
- तुला बहादुर नेपाली बारेकोट २, अर्याना २५ हजार । - अध्ययन सहायता )
- नर बहादुर शाही बारेकोट २, लिम्सा ५० हजार ।
- खगेन्द्र शाह बारेकोट ५, तोल्खान ५० हजार ।

**निर्णय नं. २५** एक वडा एक स्वास्थ्य संस्थाको भवन निर्माणमा भएको बोलपत्रमा हुँदा धरौटी बापतको रकम धरौटी खातामा राख्नु पर्नेमा सार्वजनिक निर्माण सेवा र दर्शन निर्माण सेवाले यस कार्यालयको संचित कोष खातामा जम्मा गरेकाले धरौटी खातामा ट्रान्सफर गरी फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**  कृषि विकास उपशाखा अर्न्तगत प्राङ्गगारीक मल तथा जैविक बिषादि उद्योग स्थापनाको लागि विनियोजन गरीएको रकम रु ३ लाख लाई ओखडका बिरुवा खरिदका लागि खेति संशोधन गर्ने निणर्य गरीयो ।

**निर्णय नं. २७** बारकोट गाउपालिका कृषि विकास शाखाको आ.व. ०७६।०७६ मा हिमपात तथा असिना पिडितहरुलाई राहत वितरण गर्नको लागि कृषि विकास शाखाको बार्षिक कार्यक्रमको बजेट बाट रु ४ लाख र र गाउपालिका  बाट थप बजेट रु १४ लाख गरी जम्मा  बजेट रु १८ लाख ना.प्रा.स. श्री रग बहादुर बपालले गहुँको विउ खरिद गर्न पेश्कि लिई धनगडी कैलालीबाट २४० क्विन्टल गहुँको विउ खरिद गरी मिति २०७५ असोज २३ गते चिसापानीमा पुगि चिसापानि १०८ क्विन्टल गहुँको बिउ खच्चड मार्फत ढुवानी गरी बारेकोट गाउपालिका ९ वटै वडाहरुमा वडा अध्यक्षहरुको समन्वय र प्रत्यक्ष सहभागितामा वितरण समेत गरिइएको हो । बाँकि १३२ क्विन्टल बीउ ढवानि गर्ने साधन घोडा खच्चड उपलब्ध हुन नसकेकाले ढुवानिका लगि अन्य साधन समेत उपलब्ध हुननसकि चिसापानिमा नै बाँकि रहन गएको सर्न्दमा मिति २०७५ फाल्गुन २४ गते २५ क्विन्टल विहुँ चिसापानि बाट ढुवानी भई बारेकोट गाउपालिका कृषि विकास शाखामा जम्मा भएकोले बाँकि १०७ क्विन्टल गहुको बिउ चिसापानिमा रहेको थियो । कृषि विकास शाखाले मिति २०७६ कार्तिक २८ गते बिउ बिजन प्रयोगशाला नेपालगंज खजुरा बाँकेमा बिउ परिक्षण गर्दा बिउ बिजन प्रयोगशाला नेपालगंज खजुराको च.नं. १५२ मिति २०७६ मंसिर ८ गतेको बिउ बिश्लेषण प्रतिबेदन अनुसार १३२ क्विन्टल गहुँको बिउ प्रयोग गर्न नमिल्ने हुँदा उक्त बिउ नष्ट गर्नका लागि उचित रहेको प्रतिबेदनका आधारमा आठबिसकोट नगरपालिका अर्न्तगत चिसापानि र बारेकोट कृषि शाखामा रहेको दुबै ठाँउको जम्मा १३२ क्विन्टल गहुँको बिउ प्रकिया पुरा गरी नष्ट गर्ने निर्णय गरीयो ।

निर्णय नं. २८ यस पालिका वडा नं ५ अर्न्तगत भैलोखान, नायकवाडा, गैरागाँउ, पाखा साहुँवाडा, कालाखोलि र टोल्खानका जनताहरुको माग बमोजिम मिनि ग्रेड सोलार सिष्टम द्धारा बिद्युत आपूर्ति गर्नका लागि आवश्यक पर्ने १० प्रतिशत रकम गाउपालिकाले व्यवस्था गर्ने जानकारी बैकल्पिक उर्जा प्रवद्धन केन्द्र खुमलटार ललतिपुर लाई जानकारी दिने निर्णय गरीयो । साथै उक्त आयोजना तत्काल संचालन गरिदिनका लागि अनुरोध गर्ने निर्णय गरीयो ।

निर्णय नं. २९ नेपाल आमा अनाथ आश्रम भेरी नगर पालिका ३ जाजरकोट लाई यस पालिका भित्रका ६ जना अनाथ बालबालिका अध्ययनरत रहेको हुँदा उक्त संस्थालाइ भैपरी आउने खर्च शिर्षक बाट खर्च हुने गरी रु ५० हजार र बारकोट साहित्य कला कन्द्र लिम्सालाई सोहि शिर्षकबाट खर्चहुने रु १ लाख उपलब्ध गराउने निर्णय गरीयो ।

निर्णय नं. ३० नेपाल सरकार मन्त्रि परिषद्को मिति २०७६ पौष १४ को निर्णय बमोजिम स्थानीय तहको प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ को दफा ३ को उपदफा १ क र ख तथा अनुसुचि १ बमोजिम केन्द्र निर्धारण सम्बन्धि मापदण्ड २०७५ बमोजिम नेपाल सरकार संङ्घीय मामलि तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, स्थानीय तहको प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम समन्वय इकाई ललितपुरले सार्वजनिक सूचना प्रकाशित गरेमा प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ को दफा ३ को उपदफा १ क र ख तथा अनुसुचि १ अधिनमा रहि भवन माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१ प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ को दफा ३ को उपदफा १ क ३ अनुसार उक्त भवन कार्यान्वयनका लागि गाँउपालिका तर्फबाट २० प्रतिशत लागत सहभागिता व्यहोरिने प्रतिबद्धता समेत गर्ने निर्णय गरीयो ।